# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२।०३।०७

**प्रेस विज्ञप्ति**

पेसागत धर्म निर्वाहमा जुटेका पत्रकारमाथि विभिन्न जिल्लामा भएको दुर्व्यवहार, समाचार संकलनमा रोक र सामाजिक सञ्जालबाट धाक-धम्की दिने कार्यप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

महासंघ गुल्मी शाखाका अनुसार यही असार ५ गते बिहीबार बी टेलिभिजन र रेडियो नेपालमा कार्यरत सूर्य सुनारलाई भिडियो खिंच्ने क्रममा मुसिकोट नगरपालिका वडा नम्बर १ र २ का वडाअध्यक्ष क्रमश: आनन्द श्रेष्ठ, रविन्द्र के.सी., वडा नं. ३ का सदस्य थम्मनबहादुर जिसीले दुर्व्यवहार गरेका थिए । सो क्रममा प्रहरी हवल्दार अशोक धवल, नगर प्रहरी रिता माझी र गोपाल रानाले शाखा कार्यसमिति सदस्यसमेत रहेका सुनारले खिंचेको भिडियो हटाउन लगाएको शाखाको भनाइ छ ।

यसैगरी महासंघ मकवानपुर शाखाका अनुसार असार ५ गते नै मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले पत्रकारलाई फोटो र भिडियो खिंच्न रोक लगाएका थिए । नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टीले श्रेष्ठलाई ज्ञापनपत्र बुझाउने निर्धारित कार्यक्रमको समाचार संकलनका लागि पुगेका शाखा उपाध्यक्ष भावना रिजाल, सदस्य गणेश दुलाल र मनिल महतोलगायतलाई रोक लगाइएको शाखाले जनाएको छ ।

त्यस्तै महासंघ तनहुँ शाखाका अनुसार असार ३ गते मंगलबार शाखा कार्यसमिति सदस्यसमेत रहेका तनहुँ प्रेस अनलाइनका कार्यकारी सम्पादक विकास खनाललाई तनहुँ ऋषिङ गाउँपालिकाबाट समाचार संकलन गरेर फर्कने क्रममा बिनाकारण स्थानीय विवेक श्रेष्ठले सामाजिक सञ्जालबाट धम्की दिएका थिए । जिल्लाका महत्वपूर्ण पदमा रहेका जनप्रतिनिधिसमेतले पत्रकारलाई अमर्यादित र अपशब्द प्रयोग गरी सामाजिक सञ्जालमा लेखिएको शाखाको भनाइ छ ।

नागरिकलाई सुसूचित गराउने र विचार निर्माणमा सघाउने सञ्चारकर्मीमाथि जो कोहीबाट भएका यस किसिमका सबै हर्कतलाई महासंघले अत्यन्त निन्दनीयका साथै प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपको रुपमा लिएको छ ।

महासंघ प्रेस स्वतन्त्रताविरोधी यी घटनाप्रति खेद प्रकट गर्दछ । र, ती सबै घटनाको छानबिन गरी दोषीमाथि आवश्यक कानुनी कारवाही गरी पत्रकारलाई निर्वाध र सुरक्षित पत्रकारितामा जुट्ने वातावरण निर्माण गर्न एवं आगामी दिनमा यस्ता हर्कत दोहोरिन नदिनेतर्फ विशेष कदम चाल्न सम्वन्धित निकायसँग माग गर्दछ ।

**रामप्रसाद दाहाल**
**महासचिव**


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org